# मेचीनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
इटाभट्टा, झापा
कोशी प्रदेश, नेपाल

च.नं. ०५५ ०८०।८१

## कर, शुल्क अशुली ठेक्काको बोलपत्र आह्वानको सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति:- २०८०/०४/०१

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ बमोजिम यस मेचीनगर नगरपालिकाको कर, सेवा शुल्क असुली गर्न तपशिलमा उल्लेख भएको न्यूनतम अंकमा नघटाई आ.व. ०८०/०८१ वर्ष एकको लागी तोकीएको शर्त बन्देजमा रही ठेक्का लिन चाहने इच्छुक मु.अ. कर (VAT) दर्ता फर्मले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ औ दिनको १२:०० बजे भित्रमा www.bolpatra.gov.np/egp मा गई E-Bidding मार्फत रितपूर्वकको गोप्य आय सम्बन्धि बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागी यस कार्यालयमा कार्यलय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ । साथै www.mechinagarmun.gov.np मा प्रकाशित सूचना समेत हेर्न सकिनेछ ।

तपसील

| सि.नं. | ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम वार्षिक अंक(मु.अ. कर बाहेक) | बोलपत्र दस्तुर | बोलपत्र धरौटी रकम | बोलपत्र मान्य अवधि (दिनमा) | धरौटी म्याद(बोलपत्रको मान्य अवधि + ३० दिन) |
|---|---|---|---|---|---|---|---|
| १ | | वातावरण व्यवस्थापन सेवा शुल्क। | १००००००० ।०० | ३००० ।०० | कवोल अंकको ५% | ९० | १२० |

महेश पराजुली
प्रमुख प्रशासकीय अधिकृत

## सूचनाका सर्तहरु

१) बोलपत्र फारम वापत तोकिएको दस्तुर मेचीनगर नगरपालिकाको नामको नेपाल बैंक लि. काकरभिट्टा शाखाको च.हि.नं. १०६०३०००००१००१०००००१ (पछि फिर्ता नहुने गरी) बैंक जम्मा गरी सोको कपी सम्लग्न गरी पेश गर्नु पर्ने छ।

२) शिलबन्दी बोलपत्र, सूचनामा तोकिएको मिति र समयभित्र पेश गरी सक्नु पर्नेछ।

३) धरौटी बापत आफुले कबोल गरेको अंकको नेपाली नागरिक भए ५% (पाँच प्रतिशत) र विदेशी नागरिक भए १०% (दश प्रतिशत) रकम न.पा.को नाउँमा रहेको नेपाल बैंक लिमिटेड काकरभिट्टा स्थित धरौटी हि.नं.- (१०६०३००००३००००००००१) मा जम्मा गरेको भौचर वा सोहि रकम बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट यस नगरपालिकाको नाममा जारि गरिएको १२० (एकसय विस) दिन अवधिको विडवण्ड (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्नेछ।

४) दर्ता हुन आएका बोलपत्र फारमहरु, दाखिला गर्ने अन्तिम दिन, दिनको २:०० बजे कार्यालयका प्रतिनिधी र बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। बोलपत्र खोल्दा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

५) स्वीकृत बोलपत्रको कबोल अंकलाई बराबरी ३ (तिन) किस्तामा बिभाजन गरि हुन आउने रकमलाई किस्ता कायम गरी पहिलो किस्ता अग्रीम संझौता गर्दाके वखत बैंक दाखिला गरी बाँकी रकमको जमानत बापत कम्तिमा २०८१ साल श्रावण मसान्त सम्मको अवधिको आफुले कबोल गरेको ठेक्काको विवरण उल्लेख भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट मेचीनगर नगरपालिकाको नाममा जारी गरिएको परफरमेन्स वण्ड (बैंक जमानत पत्र) पेश गर्नु पर्नेछ।

६) ठेक्का सम्बन्धमा नेपाल सरकार वा अन्य कुनै संघ संस्थालाई अन्य कुनै कर दस्तुर तिर्नु बुझाउनु परेमा ठेकेदार आफैले बुझाउनु पर्नेछ।

७) किस्ता बुझाँउदा यस मेचीनगर नगरपालिका कार्यालयको नाममा रहेको ने.बै.लि. काकरभिट्टाको हि.नं. १०६०३००००१००१००००००१) को स्थानीय राजश्व खातामा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्ने छ। ठेक्का स्वीकृत भई कार्य सुरुगर्नु पूर्वनै ठेक्का रकम एकमुष्ट बुझाएमा १० प्रतिशत सम्म छुट दिईने छ।

८) ठेकेदारले म्यादभित्र किस्ता रकम नबुझाएमा बुझाउन बाँकी रहेको किस्ता रकममा नगरपालिकाले ०.०५%(प्रतिशत) का हिसाबले थप जरिवाना लिने छ।

९) बोलपत्रदाताले आफूले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग उल्लेख गर्नुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

१०) ठेक्का सम्बन्धमा कुनै किसिमको विवाद परेमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ।

११) बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक स्वीकृत गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा सुरक्षित रहनेछ।

१२) विषेश परिस्थीती वा काबु बाहिरको परिस्थीती, महामारी, दैविक प्रकोप, आतङक, अथवा कानुन अनुसार व्यवस्था भएको असामान्य परिस्थिती बाहेक ठेकेदारले कुनै किसिमको कारण देखाई ठेक्का मिनाहा पाँउ भनी निवेदन दिएमा नगरपालिकाले ठेक्का अंक मिनाहा दिईने छैन।

१३) रित नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन।

१४) नगरपालिकाले तोकि दिएको दररेट भन्दा बढी दररेटमा रकम लिएको वा उठाएको पाईएमा नगरपालिकाले एक पटकमा रु २०००।०० सम्म जरिवाना असुल गर्ने,सोहि कसुर दोहोरिएमा सोको डबल जरीवाना लिने वा ठेक्का वदर गर्ने वा दुबै गर्न सक्नेछ।

१५) ठेक्का अवधिभर ठेक्का संचालन गर्दा यस नगरपालिकालाई कुनै किसिमको थप दायीत्व श्रीजना हुने कार्य गरेमा नोक्सानी वरावरको हर्जना समेत ठेकेदारबाट असुल गरिनेछ।

१६) बोलपत्र स्वीकृत भएको जानकारी पाएको मितिले सात दिनभित्र कबुलियत गरि पट्टाचलानपूर्जी लिन नआएमा निजले राखेको धरौटी जफत गरी नियमानुसार दोश्रो घटीवाला संग ठेक्का संझौता गर्न वा अन्य व्यवस्था गर्न बाधापर्ने छैन।

१७) कर असुल गर्दा प्रयोग गरिने रसिद, एवम् अन्य आवश्यक भौतिक सामाग्रीहरुको व्यवस्था ठेकेदार आफैले गर्नु पर्नेछ। कर असुल गर्ने रसिद नगरपालिकाबाट अनिवार्य प्रमाणीत गरी न.पा को छाप लगाई प्रयोग गर्नु पर्नेछ। नगरपालिका तथा जुनसुकै निकायवाट अनुगमन भएका समय अन्यथा पाईएमा पटकै पिच्छे रु १०००।०० सम्म जरिवाना गर्न सकिनेछ वा जस्तो सुकै कारवाही हुन सक्ने छ।

१८) तोकिएको स्थलमा तोकिएको दररेटमा मात्र सुल्क उठाउन पाईने छ। अन्यथा उठाएको प्रमाणित हुन आएमा त्यस्तो बढी रकम फिर्ता गर्न लगाई पटकै पिच्छे रु १०००।०० (एक हजार) सम्म जरीवाना गर्न सकिने छ ।

१९) ठेक्का स्वीकृत भई कार्यदिश लिएको ७ (सात) दिन भित्र कार्यदिश अनुसारको ४x३ साइजको मेटालिक दर रेट वोर्ड कर दाताले प्रष्ट देख्ने गरी कर असुली चौकीमा राख्नु पर्नेछ। त्यसरी वोर्ड नराखी कर शुल्क उठाएको पाईएमा पहिलो पटक ७ (सात) दिन भित्र वोर्ड तयार गर्ने गरी सचेत गराईनेछ। तोकिएको समय भित्र समेत वोर्ड नराखेमा पटकै पिच्छे रु २०००।०० (दुई हजार) सम्म जरिवाना गर्न सकिने छ।

२०) नगरपालिकाले भुक्तानी पाउने व्यहोराको बैंङ्क ड्राफ्टलाई मान्यता दिइनेछ। त्यस्तो बैंक ड्राफ्ट सटही वा भुक्तानी लिंदा लाग्ने बैंक महसुल ठेकेदारले बुझाउनु पर्नेछ।

२१) ठेकेदार फर्म, वा संघ-संस्थाले नगरपालिकालाई कुनै पेश्की, बांकी बक्यौता, कर, दस्तुर तिर्न बुझाउन बाँकी भई बक्यौता देखिएमा त्यस्तो ठेकेदार, फर्म व्यक्ति वा संघ-संस्थाले पेश गरेको बोलपत्र स्वीकृत गरिने छैन।

२२) सम्पुर्ण ठेक्काको कर, शुल्क संकलन गर्ने दररेट सूचनामा तथा टेण्डर फारम साथ उपलब्ध छ।

२३) बोलपत्र दाखिला गर्ने र खोल्ने अन्तिम दिनहरुमा विदा पर्न गएमा सो दिनको लगत्तै भोलीपल्ट कार्यालय खुलेको दिनलाई मानिने छ।

२४) बोलपत्र स्वीकृत भएपछि ठेक्का सम्झौता गर्नु पूर्व आफुले कवोल गरेको अंकको १३ प्रतिशत भ्याट (मु.अ.कर) र १.५ प्रतिशत अग्रिम आयकर वापतको रकम ठेक्काको प्रयोजन खुलाई संघीय राजश्व खातामा जम्मा गरेको सक्कलै प्रति भौचर सहित उपस्थित हुनु पर्नेछ।

२५) ठेकेदारले वोलपत्र साथ रहेको ठेक्का स्वीकारोक्ती पत्रमा अनिवार्य रुपमा सहिछाप गरेको हुनु पर्नेछ ।

२६) उल्लेखित शर्त बाहेक अन्य शर्तहरु प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

२७) ठेकेदारले आय ठेक्का सम्बन्धिको तिर्नुपर्ने कर, शुल्क निज आफैले तिर्नु पर्नेछ ।

२८) वातावरण व्यवस्थापन सेवा शुल्कको दररेट साथ उल्लेख भएको स्थानमा तोकीएको वस्तुमा मात्र वातावरण व्यवस्थापन सेवा शुल्क संकलन गर्नु पर्नेछ । अन्य स्थानबाट उठाएमा वा उठाएको पाईएमा नगरपालिकाबाट कानुन बमोजिम जस्तो सुकै कार्वाही हुन सक्नेछ ।

२९) दोस्रो पक्ष (ठेकेदार)ले माथि उल्लेख भएका सर्त तथा प्रचलीत कानुन विपरित कार्य गरेको पाइएमा नगरपालिकाले जुन सुकै समय ठेक्का तोड्न सक्नेछ । ठेक्का तोड्दा नगरपालिकालाई हानी नोक्सानी भएमा सो को क्षतीपूर्ती ठेकेदार आफैले व्यहोर्नु पर्नेछ ।

नगरपालिकाको वातावरण व्यवस्थापन सेवा शुल्कको न्यूनगत लागत अनुमान

| सि.नं. | ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम वार्षिक अंक(मु.अ. कर बाहेक) |
|---|---|---|---|
| १ | | वातावरण व्यवस्थापन सेवा शुल्क। | १००००००।०० |